सातौं गाउँ सभामा उपाध्यक्ष

श्री शान्ती चौधरी ज्यू बाट प्रस्तुत

आ.व. २०७७/०७८ को

# बजेट तथा कार्यक्रम

गढवा गाउँपालिका

गढवा, दाङ

२०७७ असार १०

**यस सभाका अध्यक्ष महोदय,**
सभा सदस्य ज्यूहरू उपस्थित कर्मचारीहरू र पत्रकार मित्रहरू

गढवा गाउँपालिकाको ऐतिहासिक यस साँतौ गाउँसभामा आ.व. २०७७।०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ । यस अवसरमा राजनैतिक तथा सांस्कृतिक जनक्रान्तिमा आफ्नो बलिदान दिने ज्ञात अज्ञात शहिद प्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

**अध्यक्ष महोदय,**

विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) का कारण देश संकटको घडीमा पुग्न बाध्य भए संगै प्राकृतिक, सांस्कृतिक एवं व्यापारिक बिबिधता जस्ता संम्भावनाहरू रहेको भए पनि कृषि, उद्योग, व्यापार आशा गरे अनुसारको उपलब्धी नहुनु, आधुनिक व्यावसायिक कृषिमा पर्याप्त प्रयास नहुनु, आन्तरिक राजश्वमा कम उपलब्धी भई आन्तरिक आयको अवस्था कमजोर भई परनिर्भरतामा बृद्धि हुन पुगेको, विकास कार्यक्रममा सकृय जनसहभागिताको अझै हातमा हात काँधमा काँध मिलाएर एकजुट भई काम गर्न आवश्यक छ ।
लोकतन्त्रको उच्चतम अभ्यास र लाभ नजिकको सरकारबाट जनता समक्ष पुऱ्याउन स्थानीय सरकारको रूपमा गाउँपालिकालाई संचालन गर्न नेपालको संबिधानको भाग १७ बमोजिम समाबेशी विकासको सम्बोधनका लाागि उपलब्ध साधन र जन अपेक्षा बीच तालमेल हुन नसक्दा मानव विकास सुचकाङ्कमा अपेक्षा अनुरूप नतिजा प्राप्त हुन नसकेता पनि सामाजिक परिचालनमा निर्वाचित जनप्रतिनीधिहरूको उपस्थितिले सबै पक्षको परिचालनबाट योजना तर्जुमा तथा कार्यान्वयन प्रभावकारी गराउनका लागि समुदाय, गाउँ, वडा, कार्यपालिका हुदै यस गरिमामय गाउँ सभामा आ.व. २०७७।०७८ को अनुमानित आय र व्यय प्रस्तुत गर्ने अनुमति माग छु ।

**अध्यक्ष महोदय,**

म आर्थिक बर्ष २०७६/०७७ मा उल्लेखित समिक्षा र आ.व. २०७७/०७८ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत गर्न गईरहेको छु ।

**बजेटका उद्देश्यहरू :-**

- ❖संविधान वमोजिम स्थानीय तहलाई योजनाबद्ध रूपमा सरकारको रूपमा स्थापित गर्नु ।
- ❖कृषिलाई आधुनिकिबरण तिर लैजाने र अनुदानको ब्यवस्था गर्ने ।
- ❖कोभिड १९(कोरोना भाइरस) रोकथाम र नियन्त्रण ।
- ❖बेरोजगारी लाई रोजगारको अवसर प्रदान गर्ने ।
- ❖स्वास्थ्य सेवामा जनताको पहुच बढाउने ।
- ❖सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु ।
- ❖समावेशी विकासको अवधारणा मार्फत सामाजिक रूपान्तरण र समृद्धि कायम गर्नु
- ❖स्थानीय अर्थतन्त्रमा उच्च आर्थिक वृद्धि हासिल गरी आत्म निर्भरता हासिल गर्नु ।
- ❖सेवा प्रवाहमा आमनागरिकको पहुँच वृद्धि गर्नु ।
- ❖विकासका पूर्वाधारहरू विकास र विस्तार गर्दै गुणस्तरीयता कायम गर्नु ।
- ❖समृद्ध र सुन्दर गाउँपालिकाको रूपमा विकास गर्नु ।
- ❖वातावरण संरक्षण तथा सौन्दर्य प्रवर्द्धन ।
- ❖सामाजिक न्याय तथा लैङ्गिक मूलप्रवाहीकरण ।

## बजेटका प्राथमिकताहरू :-

- स्वास्थ्य
- कृषि
- रोजगारी
- शिक्षा
- आ.व. २०७६।०७७ का अधुरा योजनाहरू ।
- स्थानीय तहको कार्यान्वियन र संस्थागत विकास ।
- रोजगारी र उत्पादनमा वृद्धि ।
- वन, वातावरण संरक्षण तथा सौन्दर्य प्रवर्द्धन ।
- सामाजिक न्याय तथा लैङ्गिक मूलप्रवाहीकरण ।
- सेवा प्रवाहमा क्षमता विकास ।

**अध्यक्ष महोदय,**

आ.व. ०७६।०७७ को जेष्ठ मसान्त सम्म गाउँपालिकाको कुल विनियोजित बजेट रू.६४,१५,१५,४२०।- मध्ये जेष्ठ मसान्त सम्मको खर्च पुंजीगत तर्फ रू. ७,१९,११,०३१(अक्षेरूपी सात करोड उन्नाईस लाख एघार हजार एकतीस मात्र) र चालु तर्फ रू.१८,६१,७३,५९५।१० (अक्षेरूपी अठार करोड एक्सट्ठी लाख त्रीयहत्तर हजार पाँच सय पन्चानब्बी पैसा दश मात्र) गरी जेष्ठ मसान्त सम्मको कुल खर्च रू.२५,८०,८४,९२६।१०(अक्षेरूपी पच्चीस करोड असी लाख चौरासी हजार नौ सय छब्बीस पैसा दश मात्र) भएको छ ।

अध्यक्ष महोदय,

आ.व. २०७७।०७८ को अनुमानित आय/व्यय प्रस्तुत गर्न गईरहेको छु ।

| क्र.सं. | आय शिर्षक | अनुमानित आय | कै. |
|---|---|---|---|
| १ | आन्तरिक श्रोत | ४ करोड ८० लाख ११ हजार | |
| २ | समानिकरण संघ, प्रदेश | १२ करोड ९९ लाख ८७ हजार | |
| ३ | ससर्त संघ, प्रदेश | २२ करोड २० लाख ५० हजार | |
| ४ | विशेष अनुदान संघ प्रदेश | १ करोड १० लाख | |
| ५ | राजश्व संघ प्रदेश | ११ करोड ७ लाख ७६ हजार | |
| | **कुल जम्मा** | **५२ करोड १८ लाख २४ हजार** | |

आ.व. २०७७।०७८ को अनुमानित व्यय :-

| क्र.सं. | व्यय शिर्षक | अनुमानित व्यय | कै. |
|---|---|---|---|
| १ | प्रशासनिक चालु खर्च | ९ करोड २९ लाख ७५ हजार | |
| २ | ससर्त खर्च | २२ करोड २० लाख ५० हजार | |
| ३ | विशेष खर्च संघ, प्रदेश | १ करोड १० लाख | |
| ४ | पुंजिगत खर्च | १४ करोड ५७ लाख ९९ हजार | |
| ५ | समपुरक कोष | ३ करोड | |
| ६ | कोरोना भाइरस रोकथाम प्रकोप नियन्त्रण | २ करोड | |
| ७ | अधुरा योजना सम्पन्नका लागि | २ करोड | |
| | **कुल जम्मा** | **५२ करोड १८ लाख २४ हजार** | |

**अध्यक्ष महोदय,**

यस आगामी २०७७।०७८ का लागि अनुमानित आय र व्ययको बजेट निर्माण कार्यमा सहयोग गर्नुहुनेसभाका सदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, समस्त गढवाबासी महानुभावहरू बजेट निर्माण कार्यमा अहोरात्र खट्नु भएका यस गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै यस आ.व. २०७७।०७८ को अनुमानित आय व्यय बजेटलाई सक्रिय सहभागीताका साथ कार्यन्वयनमा ल्याई सफलता हासिल गर्नमा सवैको सहयोग गर्नुहुने छ भन्ने पुर्ण विश्वास लिएको छु ।

**धन्यवाद !**

<u>प्रस्तुतकर्ता</u>
शान्ति चौधरी
उपाध्यक्ष
गढवा गाउँपालिका
गढवा, दाङ

सम्वत् २०७७ साल असार १० गते रोज ४ मा
शुभम्.......................................................